नेपाल सरकार

# गृह मन्त्रालय

## राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोन : ४२११५६१, ४२११९३८
४२००८९४, ४२००८९५
फ्याक्स : ४२०००१४
टोल फ्रि नं. १६६००१९६६६६

पत्र संख्या :- ०७८/७९
प्राप्त पत्र संख्या र मिति :-
च.नं. :- १८२९

सिंहदरबार,
काठमाडौं, नेपाल

मिति : २०७८/१२/१७

श्री महानगर कार्यपालिकाको कार्यालय, सबै।

श्री उपमहानगर कार्यपालिकाको कार्यालय, सबै।

श्री नगर कार्यपालिकाको कार्यालय, सबै।

श्री गाँउ कार्यपालिका कार्यालय, सबै।

विषयः व्यक्तिगत घटना दर्ता सप्ताह मनाउने सम्वन्धमा।

व्यक्तिगत घटना दर्ताको महत्व प्रचार प्रसार गर्ने अभिप्रायले बैशाख १ गतेदेखि ७ गतेसम्मलाई **"व्यक्तिगत घटना दर्ता सप्ताह"** को रुपमा मनाइदै आएको व्यहोरा विदितै छ।

नेपालको संविधानले प्रत्येक बालवालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक प्रदान गरेको र सबै व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाई सराइ) पञ्जीकरण गर्ने सम्वन्धमा विभिन्न नीतिगत तथा कानूनी व्यवस्था रहेको छ। नेपाल सरकारले सन् २०२४ (वि.स.२०८०) सम्ममा जन्मदर्ता शत प्रतिशत पुर्याउने र अन्य व्यक्तिगत घटना दर्तामा उल्लेख्य रुपमा वृद्दि गर्ने अन्तराष्ट्रिय प्रतिवद्दता जाहेर गरेको सन्दर्भमा उक्त प्रतिवद्दता पूरा गर्नको लागि व्यक्तिगत घटना दर्तालाई नागरिकको कर्तव्यको रुपमा स्थापित गराउदै घटना दर्तालाई व्यापक रुपमा विस्तार गर्ने उदेश्यले आगामी २०७९ सालको बैशाख १ गतेदेखि ७ गतेसम्म राष्ट्रव्यापी रुपमा **"व्यक्तिगत घटना दर्ता सप्ताह"** मनाउने निर्णय भएकोले विभागबाट उपलव्ध गराइएको कार्यक्रमको खाका, प्रचार प्रसार सामागीको साथै स्थानीय आवश्यकता र प्राथमिकता समेतलाई ध्यानमा राखी विविध सचेतनामूलक कार्यक्रमहरु संचालन गरी /गराई घटनादर्ता सप्ताह सफलतापूर्वक मनाउनु हुन अनुरोध छ।

(मीना अर्याल)
निर्देशक

Email : info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np
account@donidcr.gov.np, Website : www.donidcr@gov.np

२०७९ बैशाख १ देखि७ गतेसम्म
व्यक्तिगत घटना दर्ता सप्ताह मनाऔं ।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

## स्थानीय तहले गर्ने प्रचार प्रसार अभियान

| संचार सामाग्री | मिति | कार्यक्रम |
|---|---|---|
| वेबसाईटमा सूचना | २०७८ चैत्र २० देखि २०७९ बैशाख ६ सम्म | ➢ विभागले डिजाईन गरेको सामाग्रीलाई पपअपको रुपमा वेबसाईटमा राख्ने ।<br>➢ फेसबुक पेज भएकापालिकाले फेसबुकमा शेयर गर्ने । |
| रेडियो जिङ्गल | २०७८ चैत्र २२ देखि २०७९ बैशाख ६ सम्म | ➢ ईमेल मार्फत पठाएको स्क्रिप्टका आधारमा रेडियो जिङ्गलनिर्माण गरी स्थानीय संचार माध्यमबमट बिहान र बेलुका २-२ पटक प्रशारण गर्ने |
| माईकिङ्ग | २०७८ चैत्र २७ देखि ३० गते सम्म | ➢ विभागले पठाएको सामाग्री रेकर्ड गरी आफ्नो पालिकाको सबै स्थानमामाईकिङ्गगर्ने । |
| रेडियो अन्तवार्ता | २०७८ चैत्र २९ | ➢ घटना दर्ता सम्बन्धी स्थानीय रेडियो मार्फत प्रमुखप्रशासकियअधिकृतले ३० मिनेटकाअन्तर्वातादिने । |
| विद्यार्थी मार्फत सन्देश प्रवाह | २०७८ चैत्र २७ देखि २८ | ➢ स्थानीयतहमातहतकासबै विद्यालयमाव्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धीविभागले पठाएको ४ x ६ फुटको फ्लेक्स छाप्ने तथासबैको पहुँचमाराख्ने ।<br>➢ व्यक्तिगत घटना दर्ता सप्ताहबारे विद्यार्थी मार्फत अभिभावकसम्म सूचनाप्रवाहगर्ने ।<br>➢ व्यक्तिगत घटना दर्ताको महत्व सम्बन्धमाअन्तर विद्यालयनिबन्धवाबक्तृत्वकलाआयोजनागर्नेका |
| महिला स्वास्थ्य स्वयं सेविकामार्फत सन्देश प्रवाह | २०७८ चैत्र २९ | ➢ स्थानीयतहका स्वास्थ्य सस्थामाकार्यरत कर्मचारी तथामहिला स्वयंसेविकाको भेलाआयोजना गरी घटना दर्ताबारे बुझाउने । |
| प्रभात फेरि | २०७८ चैत्र ३० | ➢ व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धीविभागले पठाएको ४ x६ फुटको फ्लेक्सलिएर स्थानीयहतहले प्रचातफेरी आयोजनागर्ने । |
| मुख्यकार्यक्रम घटना दर्ता सप्ताह | २०७९ बैशाख १ देखि ७ सम्म | ➢ सबै स्थानीयतहले व्यक्तिगत घटना दर्ताको कामलाई विशेष प्राथमिकतादिने ।<br>➢ नागरिकले आफु तथा परिवारमा छुटेका घटना दर्ता वडा कार्यालयमागई दर्ता गराउने । |

निर्देशक

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

# रेडियो सन्देश

## नेपाल सरकार,
## गृह मन्त्रालय,
## राष्ट्रिय परिचयपत्रतथापञ्जीकरण विभाग तथा_____________पालिकाको
## व्यक्तिगत घटना दर्ता सप्ताह सम्बन्धीअत्यन्त जरुरी सूचना

**२०७९ साल बैशाख १ गतेदेखि ७ गतेसम्म** देशैभरी **व्यक्तिगत घटना दर्ता सप्ताह** सञ्चालनगर्न लागिएको हुदाँ **जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्वन्ध विच्छेद** दर्ता जस्ता व्यक्तिगत घटना आफ्नो वडा कार्यालयमागई अनिवार्य दर्ता गर्नुहोस् ।

त्यसैगरी उक्त सप्ताहमा योग्यता पुगेका लाभग्राहीले **सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न**कालागि विवरण समेत दर्ता गराउन सकिनेछ ।

**ध्यान दिनुहोस् ।**

दर्ता सप्ताह संचालन गर्दा **फरक क्षमता भएका नागरिक, गर्भवती महिला, वृद्धवृद्धा, तथा लोपोन्मुख जातिलाई** विशेष प्राथमिकता दिन सम्वन्धित सबैलाई अनुरोध छ ।

व्यक्तिगत घटना दर्ता र सामाजिक सुरक्षाभत्ता सम्वन्धिकुनै **गुनासो भएमा** उक्तसमयमागुनासो समेत दर्ता गर्न सकिन्छ ।

"सबैले व्यक्तिगत घटना दर्ता गरौं,गराऔं
२०७९ बैशाख १ देखि ७ गते सम्म घटना दर्ता सप्ताह मनाऔं ।"

निर्देशक